# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १० मिति: २०७६/०१/०४


## भाग-३

## टीकापुर नगरपालिकाको निःशुल्क रक्त सञ्चार सेवा कोष सञ्चालन सम्बन्धी कार्यविधि,२०७५

**प्रस्तावना** : टीकापुर नगर क्षेत्रका आम नागरिकहरुलाई रगतको अभावमा ज्यान गुमाउनु पर्ने जोखिमलाई अन्त्य गरी सहज, सरल र निशुल्क रुपमा रक्त सञ्चार सेवा उपलब्ध गराउनका लागि एक कोषको स्थापना र सञ्चालनको कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले टीकापुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ बमोजिम नगर कार्यपालिकाबाट एक निशुल्क रक्त सञ्चार नामक कोष खडा गरी निशुल्क रक्त सञ्चार सेवा कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाएको छ। यो कार्यविधि टीकापुर नगरपालिका कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "टीकापुर नगरपालिकाबाट प्रदान गरिने निशुल्क रक्त सञ्चार सेवा कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" रहनेछ ।

(ख) यो कार्यविधि टीकापुर नगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले टीकापुर नगरपालिकाबाट प्रदान गरिने निशुल्क रक्त सञ्चार सेवा कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७५ सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले टीकापुर नगर कार्यपालिका सम्झनुपर्दछ ।

(ग) "नगरसभा " भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिम गठित टीकापुर नगरसभालाई सम्झनुपर्दछ ।

(घ) "नगरपालिका " भन्नाले संविधान बमोजिम स्थापना भएको टीकापुर नगर पालिकालाई सम्झनुपर्दछ ।

(ङ) "कार्यालय भन्नाले टीकापुर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(च) "प्रमुख" भन्नाले टीकापुर नगरपालिकाको प्रमुख सम्झनुपर्दछ ।

(छ) "उपप्रमुख " भन्नाले टीकापुर नगरपालिकको उपप्रमुख सम्झनुपर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले टीकापुर नगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(झ) "नगरवासी" भन्नाले टीकापुर नगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने आम समुदायका मानिसहरुलाई सम्झनुपर्दछ ।

(ञ) "रक्त सञ्चार सेवा " भन्नाले नेपाल रेडक्रस सोसाइटी उपशाखा टीकापुर द्वारा रगतको आवश्यकता पर्न गएका विरामीहरुलाई प्रदान गरिने सेवालाई सम्झनुपर्दछ ।

(ट) "कोष" भन्नाले टीकापुर नगरपालिकाको कार्यालयद्धारा नगर क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्दै आएका सबै नेपाली नागरिकले पर्याप्त र सुरक्षित रगत प्राप्त गर्न नेपाल रेडक्रस सोसाइटी उपशाखा टीकापुरसँगको सहकार्यमा स्वास्थ्य सेवा उपचार अर्न्तगत अत्यावश्यक रगत सेवा उपलब्ध गराउन खडा गरिएको (कोष) रकम सम्झनुपर्दछ ।

(ठ) "सरकारी कर्मचारी" भन्नाले नेपाल सरकारको वा नेपाल सरकारसित सम्बन्धित, राज्य व्यवस्थाको वा सो बारेमा , नेपाल सरकारबाट स्वीकृत नेपाल सरकार ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय समेतमा कार्यरत

कर्मचारीलाई वा सरकारी सेवामा रही नियमित रुपमा काम गर्ने कर्मचारी, निजामति, प्रहरी र सैनिक सेवाका कर्मचारी, जागिरेलाई सम्झनुपर्दछ ।

(ड) "रेडक्रस" भन्नाले नेपाल रेडक्रस सोसाइटी उपशाखा टीकापुरलाई सम्झनुपर्दछ।

## परिच्छेद - २

३. **कोष सम्बन्धी व्यवस्था :** यस कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछ ।

क) हरेक आर्थिक वर्षमा टीकापुर नगरपालिकाबाट निशुल्क रुपमा प्रदान गरिने रक्त सञ्चार सेवा कोषमा जम्मा गरिने रकम,

ख) विभिन्न संघ संस्था, दातृ निकाय वा अन्य कुनै व्यक्तिबाट प्राप्त अनुदान रकम,

ग) बैंकबाट प्राप्त ब्याजको रकम,

घ) नियमानुसार प्राप्त हुने अन्य रकम

## परिच्छेद - ३

४. **खाता सञ्चालन निर्देशन समिति सम्बन्धि व्यवस्था**

निःशुल्क रक्त सञ्चार सेवा कोषमा जम्मा गरिने रकम टीकापुर नगर पालिका स्थित नेपाल बैंक लिमिटेडमा बैंक खाता खोली जम्मा गरिनेछ । उक्त कोषको सञ्चालन टीकापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । साथै अधिकतम ब्याज दिने अन्य वाणिज्य बैंकमा समेत खाता खोल्न सकिनेछ ।

५. **कोषको परिचालन सम्बन्धी व्यवस्था :** निःशुल्क रक्त सञ्चार सेवा कोषको सञ्चालन गर्न देहाय बमोजिमको सञ्चालक समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख | - अध्यक्ष |
| ख) नगर उप प्रमुख | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) मे.सु. टीकापुर अस्पताल | - सदस्य |
| ङ) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| च) नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | - सदस्य |
| छ) आर्थिक प्रशासन शाखा प्रमुख टीकापुर न.पा. | - सदस्य |
| ज) जनस्वास्थ्य प्रवर्द्धन उपशाखा | - सदस्य सचिव |

समितिले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफै तोक्न सक्नेछ । समितिको बैठक चौमासिक रुपमा आवश्यकता अनुसार बस्न सकिनेछ । अनुसार आमन्त्रितका रुपमा विषयगत विज्ञलाई बैठकमा बोलाउन सकिनेछ ।

## परिच्छेद - ४

६. **रकम निकासा :** टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय र नेपाल रेडक्रस सोसाइटी उपशाखा टीकापुर बीच भएको द्विपक्षीय सम्झौतामा उल्लेखित सर्त बमोजिम नगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने कुनै पनि व्यक्ति र दफा २ (ठ) मा उल्लेख भए बमोजिमका व्यक्ति विरामी परी स्वास्थ्य उपचारका क्रममा अस्पतालमा भर्ना भई मेडिकल सुपरिटेन्डेन्ट/चिकित्सककको प्रिस्क्रेप्सन अनुसार रगत र रक्त तत्वको आवश्यकता पर्न गएमा नगर क्षेत्रभित्रका बिरामीहरुलाई आवश्यक कागजात र प्रमाणको आधारमा नेपाल रेडक्रस सोसाइटी उपशाखाको रक्त सञ्चार केन्द्रमा जम्मा भएको रगत उक्त केन्द्रबाट प्रदान गरि एको लगत रेकर्ड अनुसार चौमासिक रुपमा रकम निकासा गरी एकमुष्ट उपलब्ध गराइनेछ ।

७. **निःशुल्क रक्त सञ्चार सेवा उपलब्ध गराइने मापदण्ड :**

१) टीकापुर नगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोवास गरेको वा सरकारी सेवामा रही नियमित रुपमा काम गर्ने कर्मचारी, निजामति, प्रहरी, सैनिक सेवाका कर्मचारीको प्रमाण खुल्ने कागज भएको ब्यक्तिलाई डाक्टर /स्वास्थ्यकर्मिको प्रिस्क्रेप्सन अनुसार रगत र रक्त तत्वको आवश्यकता पर्न गएमा रगत उपलब्ध गराईनेछ ।

२. उपदफा (१) बमोजिम रगत र रक्त तत्वको आवश्यकता पर्न गएका विरामी वा निजका एकाघर व्यक्ति वा विरामीलाई अस्पताल पु¥याउन संगै साथमा आउने व्यक्तिले तोकिए बमोजिमको निवेदन फारम भरी नेपाल रेडक्रस सोसाइटी उपशाखाको रक्त सञ्चार केन्द्र समक्ष पेश गर्नु पर्नेछ । (निवेदनको ढाँचा अनुसूची १ बमोजिमको हुनेछ । )

(३) एनेमिया लागेका विरामीका हकमा ७.५ हेमोग्लोविन भन्दा कम भएका विर ामीलाई चिकित्सकको प्रिस्क्रेप्सनका आधारमा उपलब्ध गराइनेछ ।

(४) यो कोषबाट टीकापुर नगरपालिकाका स्थायी बासिन्दाका अतिरिक्त टीकापुर क्षेत्रमा कार्यरत सरकारी कर्मचारीको हकमा प्रमाणका आधारमा निज स्वयंम र निजका परिवारका लागि रक्त सञ्चार सुविधा प्रदान गर्न सकिनेछ ।

(५) यस प्रकारको सेवा प्रदान गर्दा एक जना विरामीलाई एक पटकमा ३ पिन्ट भन्दा बढि रगत उपलब्ध गराइनेछैन ।

(६) उल्लेखित सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने रगत संकलन, सन्चय र नियमित आपूर्तिको व्यवस्था गर्ने दायित्व नेपाल रेडक्रस सोसाईटी शाखा,

टीकापुरको हुनेछ ।

(७) रगत र रक्त तत्वको आवश्यकता पर्न गएका विरामी वा निजका एकाघर व्यक्तिले अनुसूचि १ बमोजिमको ढांचामा निवेदन पेश गर्नुपर्नेछ ।

८) कोष आवश्यकता अनुसार सञ्चालनमा ल्याउन सकिने : यस कोषलाई नगर पालिका र नेपाल रेडक्रस सोसाइटी उपशाखा टीकापुरबीच भएको सम्झौताका आधारमा सञ्चालनमा ल्याउन सकिनेछ ।

## परिच्छेद - ५

९. **कार्यविधि संशोधन** : यस कार्यविधिमा उल्लेखित कुनै दफा, उपदफा संशोधन तथा थपघट गर्न आवश्यक भएको खण्डमा कोष सञ्चालक समितिको निर्णय सहित कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ । उक्त संशोधित दफा, उपदफाहरु कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

१०) **बचाउ तथा खारेजी** :

(१) यस कार्यविधिमा उल्लेखित दफाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा टीकापुर नगरपालिकाको प्रशासकीय कार्यविधि, २०७५ सँग बाझिएको खण्डमा स्वत अमान्य हुनेछ ।

## अनुसूची (१

श्रीमान् .....................................ज्यू
निःशुल्क रक्त सञ्चार सेवा कोष सञ्चालक समिति,
नगर कार्यपालिकाको कार्यालय , टीकापुर कैलाली ।

विषय : निःशुल्क रक्त सेवा उपलब्ध गराई पाऊँ ।

महोदय,

सेवामा निवेदन गर्नाको खास कारण यो छ कि टीकापुर नगरपालिका वार्ड नं.....वस्ने म वर्ष.......को.....................मेरो ..........नाताका .......................लाई .....पिन्ट रगत आवश्यक पर्न गएकोले ताहाँ कार्यालयवाट संचालन गरिएको निःशुल्क रक्त सञ्चार सेवा कोषबाट आवश्यक रगत नियमानुसार उपलब्ध गराई दिन हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको नाम , थर :
ठेगाना :

| |
|---|
| अध्यक्षको राय : |

| |
|---|
| निःशुल्क रक्त सञ्चार सेवा कोष सञ्चालक समितिको निर्णय :<br><br>निःशुल्क रक्त सञ्चार सेवा कोष सञ्चालक समितिको मिति ............................को निर्णयानुसार यस टी.न.पा.वडा नं. .....का विरामी ..........................ले मिति .......................मा पेश गरेको निवेदन उपर कारवाही हुँदा निजलाई ..........पिन्ट रगत उपलब्ध गराउने निर्णय गरियो । |

## अनुसूची - २

(रगत उपलब्ध गराउने निकाय/संस्थालाई पेश गर्नु पर्ने निवेदनको ढाँचा)

नेपाल रेडक्रस सोसाईटी
टीकापुर उपशाखा।

विषय : निःशुल्क रक्तसंचार सेवा उपलव्ध गराई पाउँ ।

(१) विरामीको नाम :

(२ )बाबुको नाम :

(३) बाजेको नाम :

(४) ठेगाना स्थायी : जिल्ला : .....गा.पा./न.पा.....वडा नं......टोल :. ..व्लक नं......

अस्थायी : जिल्ला : .....गा.पा./न.पा.....वडा नं......टोल :. ..व्लक नं......

(५) परिचयपत्र खुल्ने प्रमाण पत्र : नागरिक्ता /जग्गाधनी प्रमाण पूर्जा /मतदाता परिचयपत्रको प्रतिलिपी/स्थानीय तहको सिफारिस /कर्मचारी परिचयपत्र/अन्य प्रमाण :

(६) रोगको प्रकार :

(७) माग भएको आवश्यक रगत पिन्ट :

(८) उपल्ब्ध भएको रगत पिन्ट :

(९) रक्त समूह :

(१०) विरामी हुँदा अस्पतालमा भर्ना भएको वेड नं. :

(११) रगत आपूर्ति गर्ने व्यक्ति वा कर्मचारीको नाम :

(१२) रगत आपूर्ति गर्ने व्यक्ति वा कर्मचारीको हस्ताक्षर :

(१३) विरामी हेर्ने आफन्तजनको नाम र दस्तखत :

(१४) उपल्ब्ध भएको ब्लड पिन्ट बुझिलिने व्यक्तिको दस्तखत :

(१५) रगत (ब्लड पिन्ट) प्रदान भएको मिति :

| (१६) उपचारमा संलग्न मेडिकल सुपरिटेन्डेन्ट/स्वास्थ्यकर्मीको राय /सुझाव : |
| --- |
| |

आज्ञाले,
**टोपेन्द्र बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**
**टीकापुर नगरकार्यपाकिाको कार्यालय**